दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

मौसमी फ्लु रोकथामका उपाय।
-बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
-खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं।
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं।
-सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं।
-बेलाबेलामा साबुनपानीले हात धुऔं।
-स्यानिटाइजरको प्रयोग गरौं।
-प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
-लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्ष ३७ | अंक ११७ | बुटवल | २०८२ बैशाख ११, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Apr. 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ‘सरकारले वैधानिकता गुमायो’

बुटवल। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले अहिलेको सरकारलाई एक दिन पनि सत्तामा रहने नैतिक अधिकार नरहेको दाबी गरेको छ।

समसामयिक विषयवस्तुबारे पार्टीको धारणा सार्वजनिक गर्नका लागि आयोजित पत्रकार सम्मेलनमार्फत् माओवादी केन्द्रले यस्तो बताएको हो।

‘वर्तमान सरकार प्राविधिक रुपमा त आफ्नो अस्तित्वमा छ। वैधानिक रुपमा आफ्नो वैधानिकता गुमाइसकेको छ,’ माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भनेका छन्-‘

यस अर्थमा आफ्नो औचित्य स्थापित गर्न पूर्णतः असफल भएको यो सरकारलाई एक दिन पनि सत्तामा रहने नैतिक अधिकार छैन।’

साथै, सत्ता गठबन्धन अप्राकृतिक, अपारदर्शी र संवैधानिक नैतिकता विपरीत बनेको आरोप लगाउँदै माओवादी केन्द्रले देश र जनताको हितमा एउटा पनि राम्रो काम गर्न नसकेको बताएको छ।

## शिक्षा मन्त्रीमा रघुजी पन्त नियुक्त



बुटवल। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा रघुजी पन्त नियुक्त भएका छन्।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले पन्तलाई शिक्षामन्त्री नियुक्त गरेका हुन्। शीतलनिवास स्रोतका अनुसार, पन्तको बिहीबार शपथ गराउने कार्यक्रम तय भएको छ।

मन्त्री नियुक्त भएका पन्त एमालेका समानुपातिक सांसद हुन्।

गत बैशाख ८ गते विद्या भट्टराईले शिक्षामन्त्रीबाट राजीनामा दिएकी थिइन्। उनले प्रधानमन्त्रीबाट असहयोग भएको, काम गर्न असहज भएको लगायतका कारण देखाउँदै राजीनामा दिएकी हुन्।

यद्यपि प्रधानमन्त्रीलाई बुझाएको राजीनामा पत्रमा भने उनले स्वास्थ्यको कारण देखाएकी हुन्।

## ऊर्जा राज्यमन्त्री बर्खास्त



बुटवल। ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) बर्खास्तीमा परेका छन्। उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार पदबाट बर्खास्त गरेका हुन्।

स्रोतका अनुसार गृहमन्त्री रमेश लेखकले तामाङलाई बर्खास्तमा परेको टेलिफोनमार्फत् जानकारी गराएका छन्।

मन्त्रिपरिषद्कै निर्णयविरुद्धमा पटक-पटक अभिव्यक्ति दिएका तामाङलाई प्रधानमन्त्री ओलीले बर्खास्त गरेका हुन्।

यसअघि सरकारले बर्खास्त गरेका नेपाल विद्युत् प्राधिकरणका तत्कालीन प्रबन्ध निर्देशक कुलमान घिसिङको पक्षमा उनले सार्वजनिक अभिव्यक्ति दिएका थिए। घिसिङसँग मिलेर आफूले डेडिकेटेड र ट्रंक लाइन विवादमा रहेका उद्योगहरुको लाइन काट्दै हिँड्ने उनले बताएका थिए।

उनले गृहमन्त्रीले फोन गरेर प्रधानमन्त्रीले राजीनामा गर्न भनेको, तर आफूले दिन्न भनेको जानकारी दिँदै आफूले राजीनामा दिन आफ्नै पार्टी नेपाली कांग्रेसले निर्देशन दिनुपर्ने बताए। ‘पार्टीले फिर्ता बोलाउनु पर्‍यो नि प्रधानमन्त्रीले बोलाउने हो र ?,’ उनले भने-‘म त खुसी नै छु अनुभव भयो नि। तर मैले राजीनामा दिनुपर्ने कारण थिएन। मैले झन्डै प्रधानमन्त्रीकै जति भोट ल्याएर जितेको मान्छे पो हुँ त।’

उनले प्रधानमन्त्री तथा सत्तामा भएकाहरूले जनजातिलाई देखिनसकेको आरोप पनि लगाए। ‘मलाई हटाउनुको कारण दुई/तीनवटा त छन् नि। एउटा त जनजातिलाई देखिसहेनन्। अर्को कुलमानलाई हटाएको विषयमा अलिअलि बोलिदिएको थिएँ,’ उनले भने-‘अर्को कारण कुनै आयोजनाको डीपीआर बनाउन एमालेले भनेअनुसारको बजेट राखेर गर्ने निर्देशन आयो मैले डीपीआरको खर्च कसले बेहोर्छ भनेर सोधेको थिएँ, उनीहरूलाई चित्त बुझेन।’

उनले अब सरकार ढाल्नतिर लाग्ने घोषणा पनि गरे। उनले भने-‘अब त सरकार ढाल्नतिर लाग्ने हो नि। जनजातिलाई देखिनसहने सरकार किन राख्ने ?’

# हिउँ खेल्न कश्मिर गएका सुदीप आतंकवादी हमलामा मारिए

**मंगलबार दिउँसो आतंकवादी समूहले गरेको आक्रमणमा पहलगामस्थित पर्यटकीय क्षेत्रमा सुदीप सहित २७ जनाको मृत्यु भएको थियो। सुदीपकी आमाले भने भागेर ज्यान जोगाएकी छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



बुटवलका २७ वर्षीय सुदीप न्यौपानेको भारतको जम्मुकश्मिरको पहलगाममा आतंकवादी समूहले गरेको आक्रमणमा परी मृत्यु भएको पुष्टि भएको छ।मंगलबार आतंकवादी समूहले गरेको आक्रमणमा पहलगामस्थित पर्यटकीय क्षेत्रमा २६ जनाको हत्या ज्यान गएको थियो। सो आक्रमणमा परेर एक नेपालीको मृत्यु भएको समाचार बुधबार नै सञ्चार माध्यमहरूमा सार्वजनिक भएको थियो। त्यसपछि ती नेपालीबारे सोधखोज सुरु भएको थियो।गृहमन्त्री रमेश लेखकले बुधबार पत्रकारहरूसँग कुरा गर्दै रुपन्देहीका सुदीप आमासहित जम्मुकश्मिर घुम्न गएको बेला आतंकवादी हमलामा परी मृत्यु भएको औपचारिक रूपमा पुष्टि गरे। मृतकका परिवारबाट पनि यो कुरा पुष्टि भएको छ।

पारिवारिक स्रोतका अनुसार आमा रिमा, बहिनी सुष्मा र ज्वाइँ युवराजसँग शनिबार बुटवलबाट घुम्नका लागि पहलगाम प्रस्थान गरेका थिए। उनीहरू पहलगाममा पुगेर घुमफिर गरिरहेकै अवस्थामा बन्दुकधारी आतंककारीहरूले मंगलबार दिउँसो एक्कासी गोली चलाएपछि सुदीपको ज्यान गएको उनको काका नाता पर्ने बुटवल १४ का वडाध्यक्ष दधिराम न्यौपानेले जानकारी दिए। ‘हिउँ खेल्ने ठाउँमा एक्कासी आएर बन्दुकधारीले कुन धार्मिक समूहको हो भन्दै सोधेर गोली हानेपछि सुदीपको ज्यान गएको हो भन्ने छ, धेरै कुरा थाहा भएन।’- वडाध्यक्ष न्यौपानेले भने।

सुदीपको घटनास्थलमै ज्यान गए पनि आमा, बहिनी र ज्वाइँ सुरक्षित छन्। उनीहरूले भागेर ज्यान जोगाएका हुन्। भाग्ने क्रममा आमा सामान्य घाइते छिन्। सुदीप घरको एक्लो छोरा हुन्।

सुदीपको शव आज बिहानसम्म बेलहिया नाका आइपुग्ने रुपन्देही प्रहरी प्रमुख एसपी रन्जितसिंह राठौरले जानकारी दिए। सुदीपको शव दिल्लीबाट लखनउसम्म विमानमा आउने र लखनउबाट शव वाहनमा बेलहिया आउने राठौरले बताए। बेलहियाबाट बुटवल घरसम्म रुपन्देही प्रहरीले शव पुर्‍याइदिने उनले जानकारी दिए।

आमाको बुबासँग सम्बन्धबिच्छेद भएपछि आमा र बहिनीसहित सुदीप बुटवल-११ कालीकानगरमा बस्दै आएका थिए। त्यहाँ उनीहरुले आफ्नै घर बनाएका थिए। त्यसअघि उनीहरूको घर बुटवल-१४ बेलभरियामा थियो। सुदीपको पुर्ख्यौली घर भने पाल्पाको बगनासकाली गाउँपालिका वडा नम्बर ४ हो।

सुदीपका बुबा ध्रुव न्यौपाने बुटवल १८ स्थित भवानी माविका शिक्षक हुन्। सुदीपको बुबाको परिवार २०२४ सालमै बसाइँ सरेर बुटवल आएको हो। ‘हिउँ खेल्ने ठाउँ छ भनेर घुम्न गएको छिमेकीहरुले बताउँछन्, निर्दोष सुदीपको ज्यान गएपछि परिवार, आफन्त, छिमेकी, साथीभाइ सबै शोकमग्न भएका छन्।’-वडाध्यक्ष न्यौपानेले भने।

सुदीपको सवारी लाइसेन्स समेत घटनास्थलमा भेटिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। आक्रमणमा ज्यान गुमाएका सुदीपले एचएको अध्ययन पूरा गरेपछि बीपीएच अध्ययन गरेका थिए। केही समय उनी बुटवलको आधुनिक समाज डेन्टलसँग जोडिएर मुख स्वास्थ्य अभियानमा काम गरेका थिए।

आधुनिक समाज डेन्टलका सञ्चालक अमृत भुसालका अनुसार सुदीपले मुख स्वास्थ्य अभियान लिएर प्यूठान, भैरहवालगायतका ठाउँमा पनि पुगेका थिए। सुदीप सामाजिक कामसँगै मेहनती र विपन्न वर्गको स्वास्थ्य सेवामा काम गर्न रुचि राख्ने युवा भएको भुसालले सम्झिए।

सुदीपको परिवार घुम्न गएको जम्मुकश्मिरको उक्त ठाउँ ‘मिनी स्वीट्जरल्यान्ड’ भनेर चिनिने पर्यटकीय क्षेत्र हो। श्रीनगरबाट करिब ९० किलोमिटर टाढा रहेको पहलगाम पर्यटकहरूबिच लोकप्रिय गन्तव्यस्थल हो। घटनास्थलसम्म हिँडेर वा घोडाबाट मात्र जान मिल्छ।

‘द रेसिस्टेन्ट फ्रन्ट’ नामक समूहले घटनाको जिम्मेवारी लिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

यो आक्रमण विगत केही वर्षयताकै सबैभन्दा ठूलो नागरिकमाथिको आक्रमण मानिएको छ।

यो घटनापछि साउदी अरबको भ्रमणमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदी भारत फर्किसकेका छन्। उनले यसलाई आतंकवादी हमला भन्दै आक्रमणमा संलग्नलाई नछोड्ने चेतावनी दिएका छन्।

मंगलबारको हमलापछि राजधानी दिल्ली र मुम्बईसहित भारतभर उच्च सतर्कता अपनाइएको छ।

## हत्यामा संलग्नलाई कारबाही हुन्छ : मोदी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जम्मुकश्मिरको पहलगाममा भएको आतंकवादी हमलामा संलग्नलाई कठघरामा उभ्याउने बताएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीसँग भएको टेलिफोन वार्तामा मोदीले अपराधीलाई कठघरामा उभ्याउन भारत प्रतिबद्ध रहेको कुरामा जोड दिएको भारतीय विदेश मन्त्रालयले जनाएको छ।

‘उक्त आतंकवादविरुद्धको लडाइँमा भारत र नेपाल एकसाथ उभिएका छन्।’-भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भनेका छन्। प्रधानमन्त्री ओलीले पनि सामाजिक सञ्जाल एक्समार्फत् भारतीय प्रधानमन्त्री मोदीसँग आतंकवादी हमलाबारे कुराकानी भएको उल्लेख गरेका छन्।

‘मैले आतंकवादी हमलामा ज्यान गुमाएकाहरुप्रति समवेदना प्रकट गर्दै यस्ता जघन्य कृत्यप्रति नेपाल भारतको साथमा छ भनेको छु’, उनले भने-‘साथै, नेपाली नागरिकको मृत्युमा समवेदना प्रकट गरेको प्रति धन्यवाद समेत दिएको छु।’

मंगलबार आतंकवादी समूहले गरेको आक्रमणमा पहलगामस्थित पर्यटकीय क्षेत्रमा २७ जनाको ज्यान गएको थियो।

## गौतमबुद्ध विमानस्थल चलाउने नेतृत्व विष्णु पौडेलले लिनुपर्छ : मुख्यमन्त्री




**मोहम्मद हबिब**
*भैरहवा*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल जसरी जुनसुकै हालतमा सञ्चालन गरेर छाड्ने बताएका छन्।

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीले आयोजना गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालन विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले विमानस्थल पूर्णरुपले नचल्दा निजी क्षेत्रले भोगेको पीडाबाट प्रदेश सरकारलाई जगजाहेर रहेको बताउँदै प्रदेश सरकारले व्यवसायीभन्दा पनि खरो रुपमा कुरा उठाउँदै संघीय सरकारलाई निरन्तर ध्यानाकर्षण गर्दै आएको बताए।

एक हप्ता राजधानी बसेर एयरपोर्ट सञ्चालनको विषयलाई गम्भीर रुपमा सम्बन्धित ठाउँमा ध्यानाकर्षण गराई अहिले पनि त्यसैको फलोअपमा प्रदेश सरकार छ। सडक तताएरभन्दा पनि संवादलाई अगाडि बढाएर विमानस्थल जसरी जुनसुकै हालतमा सञ्चालन हुनुपर्छ, चलाएर छाड्छौं, यसमा सरकार निराश नरहेको उनले जनाए।

स्वास्थ्य, श्रम स्वीकृती, भिसा सेन्टरलगायतका कामका लागि सरकारले अविलम्ब व्यवस्थापनको लागि बरम्बार भनेको छ र प्रदेश सरकाले पनि भिम अस्पतालबाट पनि निःशुल्क स्वास्थ्य परीक्षणको सेवा दिन सक्छ, श्रम कार्यालय बुटवलबाट पनि श्रमसम्बन्धी सेवा र भिसाको लागि तत्काल एउटा कार्यालय खोलेर सेवा दिन सक्ने गरी संघीयमा जानकारी गराएको उनले बताए। ‘पूर्वाधार र जनशक्तिभन्दा पनि व्यवसायी तयार हुनुपर्छ, जसका लागि संघीय सरकार तयार हुनुपर्ने र त्यसको पहल गर्ने गराउनमा हामी लाग्ने छौं।’-मुख्यमन्त्री आचार्यले भने।

‘निजी क्षेत्रको साथमा प्रदेश सरकार छ, नेतृत्व हामीले गर्छौं, स्थानीय निकायले साथ दिएर छिटो नतिजा आउने गरी काम हुन्छ।’- उनले भने। उनले विमानस्थल नचलेर सधैँका लागि बन्द भई निजी क्षेत्रको लगानी डुब्ने हो कि भन्नेबारे नसोंच्न निजी क्षेत्रलाई आग्रह गरे।

‘पीडा सबैलाई छ। प्रदेश सरकारलाई पनि पीडा भएर हामी प्रदेशको टिम भैरहवा आएका हौं। निजी क्षेत्र हासीखुशी हुँदा प्रदेश सरकार पनि गौरब बोध र आनन्द को अनुभूति गर्नेछ।’-उनले भने।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## औद्योगिक प्रदूषण नियन्त्रण गर

नवलपरासी सदरमुकाम परासी नजिकै रहेको सिद्धिलक्ष्मी स्टिल्स उद्योगले गरेको मनोमानीले वातावरण प्रदूषित भएको छ । उद्योगको प्रदूषणले जनस्वास्थ्यमा असर पुऱ्याउनुको साथै बालीनालीमा पनि क्षति पुगेको छ ।

उद्योगले फाल्ने धुँवा र फोहर पानीले स्थानीय बासिन्दा मारमा परेका छन् । उद्योग नजिकैको बस्ती नै अन्यत्र सर्नुपर्ने बाध्यतामा हुनु उद्योगको कमजोरी हो । उद्योग स्थापना र सञ्चालन गर्दा वातावरणीय जोखिमको ख्याल गर्नु अनिवार्य छ । उद्योग स्थापना पहिले इआइए र आइइ गर्नु अनिवार्य भए पनि ती काम प्रक्रिया पुऱ्याउनका लागि मात्रै गरिंदा उद्योगी जिम्मेवार र जवाफदेही भएका छैनन् । उद्योगले आफ्नो स्वामित्वको जग्गाभन्दा बाहिर स्थानीय बासिन्दा र कुलोको जग्गा मिचेर विभिन्न संरचना बनाएको विषयप्रति पनि सरोकारवाला सरकारी निकाय मौन बस्नु आश्चर्यजनक छ । बिजुलीका ट्रान्सफर्मर र पोल गाड्दा स्थानीय बासिन्दाको जग्गा नोक्सानी नगरी वा सकेसम्म कम नोक्सानी गर्ने गरी गाड्नु पर्नेमा मनपरी गाड्नु राम्रो होइन । थोरै जग्गाजमिन भएका जो स्थानीय बासिन्दा छन्, उनीहरुलाई मर्का पर्छ भन्ने हेक्का नहुनु उद्योगीको कमजोरी हो ।

देश विकासका लागि औद्योगिक विकास हुनुपर्छ । उद्योग धन्दाको विस्तारले रोजगारीको श्रृजना हुनुको साथै आयात प्रतिस्थापन र निर्यात बढाउन सकिन्छ । यसले देशको अर्थतन्त्र चलायमान बनाउन योगदान गर्छ । देश विकासको लागि औद्योगिक विकास अपरिहार्य भए पनि उद्योग स्थापनाका लागि आवश्यक मापदण्डको पालना अनिवार्य हुन्छ । देशको अर्थतन्त्र चलायमान बनाउन योगदान गरेको भन्दै प्रदूषण नियन्त्रण गर्न बेवास्ता गर्ने र स्थानीय बासिन्दाको स्वास्थ्यमाथि खेलवाड गर्नु किमार्थ राम्रो होइन । पहिले मान्छेको जीवन प्राथमिकतामा हुनुपर्छ । मान्छेको जीवन नै संकटमा पर्ने गरी हुने औद्योगिक विकासले फाइदाभन्दा धेरै नोक्सानी गर्छ । औद्योगिक प्रदूषण गर्नेलाई कारबाही गर्न कानुनको व्यवस्था छ । औद्योगिक प्रदूषण नियन्त्रणका लागि राज्यले नियमनकारी निकायको व्यवस्था गरेको छ । स्थानीय तहले पनि अनुगमन गरी वस्तुस्थिति सरोकारवाला निकायलाई सिफारिस गर्न सक्छ । उद्योगबाट निस्केको फोहर पानीले खेतीपातीलाई नोक्सान गरेको गुनासो स्थानीय बासिन्दाले गरेकाले क्षतिको अवस्था हेरी स्थानीय बासिन्दालाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ ।

उद्योगले सार्वजनिक कुलो मिचेर संरचना निर्माण गरेको उजुरी परेपछि जिल्ला प्रशासन कार्यालयले नापीसहितको टोली पठाएर प्रतिवेदन तयार गरेको छ । दुई वटा सार्वजनिक कुलोसहित वरपरको चार कठ्ठा जग्गामा कम्पाउण्ड निर्माण गरेको प्रतिवेदन तयार भएकाले कम्पाउण्डभित्र रहेको सार्वजनिक जग्गालाई खुला गरी कानुनअनुसार कारबाही गर्नुपर्छ ।

एउटा उद्योगलाई मापदण्ड पालनामा जवाफदेही बनाउन सक्दा अरु उद्योग पनि मनपरी गर्न हच्किन्छन् । कमजोरी गरे कारबाही हुन्छ भन्ने मनोविज्ञान विकास हुन्छ । वातावरणप्रति संवेदनशील बन्न सहयोग पुऱ्याउँछ ।

## राप्ती लोकमार्गको थप सडक स्तरवृद्धि हुँदै

दाङ । राप्ती लोकमार्गअन्तर्गत दाङको तुलसीपुरबाट सल्यान कपुरकोटसम्म स्तरवृद्धि हुन बाँकी खण्डको काम अघि बढेको छ ।

हाल कपुरकोटबाट राम्रीसम्म यही बैशाख १४ सम्म दैनिक पाँच घण्टा सडक बन्द गरेर स्तरवृद्धि गर्न लागिएको हो ।

नियमित सवारीसाधन सञ्चालनमा आउँदा स्तरोन्नतिको काम प्रभावित भएको भन्दै गत सोमबारदेखि बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म दैनिक पाँच घण्टा सडक बन्द गरेर काम अघि बढाइएको सडक डिभिजन कार्यालय दाङका सूचना अधिकारी अमिर सुवेदीले जानकारी दिए ।

उनका अनुसार साना तथा अत्यावश्यक सवारीसाधनका लागि पैयाखोरिया-सातावास-किमुचौर-कपुरकोट खण्ड प्रयोग गर्ने गरिएको छ ।

ठूला सवारीसाधन भने जाममा पर्ने गरेका छन् ।

सडक विस्तार तथा निर्माण भइरहेकाले निर्माण व्यवसायीको आग्रहमा बैशाख ८ देखि १४ गतेसम्मका लागि दैनिक पाँच घण्टा सडक बन्द गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

चार किलोमिटर सडक विस्तारका लागि रु १३ करोड २३ लाखमा आरडी उज्वल लोकमणि ज्वाइन्ट भेन्चरसँग ठेक्का सम्झौता गरी काम सुरु गरिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी सुवेदीले बताउनुभयो ।

---

गौतमबुद्ध...

'हामी सबै मिलेर सहकार्य गरेर एकमत भई यो विमानस्थल पूर्णत चलाउनुपर्छ । यहाँबाट हामी जान्छौं, केन्द्रमा विष्णु पौडेलले नेतृत्व गर्नुपर्छ ।

अर्थमन्त्री यही जिल्लाको जनप्रतिनिधि भएको कारण र विमानस्थल बनाउने भूमिका पनि भएकाले उहाँले नेतृत्व गर्नुपर्छ ।'-मुख्यमन्त्रीले भने । उनले एकले अर्कालाई हिलो छ्याप्ने गर्दा चल्नेभन्दा पनि नचल्ने दिशातर्फ उन्मूख नगर्न सबैलाई अनुरोध गरे ।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य, सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इस्तियाक अहमद खानलगायत यस क्षेत्रका पालिका प्रमुखहरु, नेपाल उद्योग वाणिज्य महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण शर्मा, पर्यटन व्यवसायी तथा निजी क्षेत्रले विमानस्थल पूर्ण क्षमतामा नचल्दा अर्बौं लगानी जोखिममा परेको गुनासो गरेका थिए ।


गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
नवलपरासि (वर्दघाट सुस्तापुर्व)
गण्डकी प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८२/०१/११)

यस कार्यालयबाट बिभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np/egp/मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्कृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम(मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | AamarapuribelbasBarhakoulSadak (karmagat) Gaidakot 15, Contract ID : IDO-NAW(BSE)-W-NCB-59-2081/82 | M/S S. R. N. Dipika Construction Pvt. Ltd., Baneshswor | 27,54,500.30 |

कार्यालय प्रमुख



Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Arghakhanchi

Invitation for Electronics Bids

First/Second Date of Publication: 24th April 2025(2082/01/11)

The Federal Water Supply and Sewerage Management Project, Arghakhanchi invitesonly electronicbids from eligible bidders under Sealed Quotation Procedures for the following works.

| S. No. | Contract Number | Description of work | Estimated Amount (With Including VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) | Deadline for Submission of Bid | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 12-081/82/Goods/ FWSSMP-Arghakhanchi | Procurement Supply and Delivery of HDPE-PE 100 Pipes for Gulmi District | 1,727,319.79 | 40,000.00 | 1000.00 | 9 th May 2025, 12:00 Hours | Re-Bid |
| 2 | 16-081/82/Goods/ FWSSMP-Arghakhanchi | Procurement, Supply and Delivery of HDPE Pipe for Different WSPs of Palpa District | 1,957,922.75 | 49,000.00 | 1000.00 | 9 th May 2025, 12:00 Hours | |
| 3 | 17-081/82/Goods/ FWSSMP-Arghakhanchi | | 1,725,758.60 | 44,000.00 | 1000.00 | 9 th May 2025, 12:00 Hours | |

Note: For Further Detail, please visit PPMO's e-GP portal www.bolpatra.gov.np/egp

Project Chief



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तु
मालपोत कार्यालय चन्द्रौटा बाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने

सार्वजनिक सूचना

जिल्ला कपिलवस्तु, साविक खुरुहुरिया गा.वि.स.वडा नं.६ हाल विजयनगर गाउँपालिका वडा नं.६ बस्ने कर्ण बहादुर सारुको नाति गुन बहादुर सारुको छोरा ध्रुब बहादुर सारुले साविक खुरुहुरिया गा.वि.स. वडा नं. ६ हाल विजयनगर गाउँपालिका वडा नं. ६ बस्ने पहमान शाहीको छोरी तथा कर्णवीर शाहीको पत्नी डम्बर कुमारी शाहीको मिति २०५७।२। ३ मा मृत्यु भएको, निजको पति कर्णवीर शाहीको मिति २०३३ साल अगावै मृत्यु भएको, निज दम्पतिबाट कुनै पनि छोरा छोरीको जाय नभएकोले मृतक ज.ध. डम्बर कुमारी शाहीको जिवित छदाँ सेवा सम्भार, औषधी उपचार र मृत्यु पश्चात परम्परा अनुसार दाह संस्कार, काज किया समेत म निवेदक ध्रुब बहादुर सारुले गरेको हुदाँ मुलुकी देवानी संहिता ऐन २०७४ को दफा २४६ बमोजिमका काम कर्तव्य समेत मैले नै गरेको र सोहि ऐनको दफा २४३ बमोजिम अपुताली हक कायम गरी ऐनको दफा २९७ बमोजिम मृतक ज.ध. डम्बर कुमारी शाहीको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कपिलबस्तु खुरुहुरिया गा.वि.स. वडा नं. ५घ कि.नं. ९३ ज. वि.० - ३० र कि.नं. ११७ ज. वि.०-१५-० को जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाँउ भनि बिजयनगर गाउँपालिका वडा नं. ६ को च.नं. १०६६ मिति २०८१।९।२८ को सिफारिस पत्राअनुसार यस कार्यालयको द.नं.३६६७ मिति २०८१।१०।१३ मा निवेदन पेश गरेको हुदाँ उल्लेखित कि.नं. र क्षेत्रफलको जग्गा निवेदक ध्रुब बहादुर सारुको नाममा एकलौटी नामसारी गरी दिदा कसैको हकदैयामा असर पर्छ पदैन ? अन्य कोही कसैको हकभोग लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने ब्यहोरा जानकारी गराईन्छ ।

तपशिलः

| क.स. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला ज.ध. | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | खुरुहुरिया | ५घ | ९३ | ०-३-० | डम्बर कुमारी शाही | धुव्र बहादुर सारु |
| २ | " | " | १७ | ०-१५-० | " | " |



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

देवीदत्त ढकालको नाति, भिमलाल ढकालको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला सत्यवती गाँउपालिका वडा नं. ०६ बस्ने उमापति ढकालले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४४२४ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/१० मा निज खातावाला उमापति ढकालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने टोपली ढकालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक उमापति ढकालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स:- ०७९–५२११९४



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनपती काउचाको नाति, भीमलाल काउचाको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला सत्यवती गाँउपालिका वडा नं. ०८ बस्ने अमर बहादुर काउचाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४६६३ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/११ मा निज खातावाला अमर बहादुर काउचाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने रूपमाया काउचा भन्ने रूपादेवीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक अमर बहादुर काउचाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स:- ०७९–५२११९४



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दिल बहादुर सिंजालीको नाति, मनवीर सिंजालीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाँउपालिका वडा नं. ०४ बस्ने टोप बहादुर सिजालीले यस शाखामा बचत खाता नं. २०९१५२४०७०४२४८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/०८ मा निज खातावाला टोप बहादुर सिजालीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने इन्द्रकला सिंजालीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक टोप बहादुर सिजालीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स:- ०७९–५२११९४



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टिकाराम अर्यालको नाति, तुल्सी राम अर्यालको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला इस्मा गाँउपालिका वडा नं. ०६ बस्ने महलाल अर्यालले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२६९८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/२० मा निज खातावाला महलाल अर्यालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतकको छोरा नाता पर्ने ओम बहादुर अर्याललले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक महलाल अर्यालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स:- ०७९–५२११९४



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

तीलवीर सेजवालको नाति, पाराश्वर सेजवालको छोरा लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला, छत्रदेव गाँउपालिका वडा नं. ०८ बस्ने हुमवहादुर सेजवालले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२३६७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/०९ मा निज खातावाला हुमवहादुर सेजवालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने टोपला सेजवालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक हुमवहादुर सेजवालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भएवा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुर लाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स:- ०७९–५२११९४

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०१।११

तपाईं तपसिलका ऋणीहरुले यस वित्तीय संस्थाबाट चल/अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखि (बिना धितो सामूहिक जमानी) लिनुभएको ऋण रकम यस वित्तीय संस्थासँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने सावाँ, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतनामा उल्लंघन गर्नु भएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जा चुक्ता गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गरेको पाइएकाले कर्जा चुक्ता गर्न यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता गर्नुहुन अनुरोध गरिएको छ। उल्लेखित मितिभित्रमा वित्तीय संस्थालाई तिर्नु, बुझाउनु पर्ने कर्जा, व्याज नबुझाएमा प्रचलित ऐन, कानून तथा यस वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेका चल अचल सम्पत्ती लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | व्यक्तिगत जमानिकर्ताको नाम, नाता, ठेगाना, ना.प्र.प.नं. | धितो जमानीको प्रकृति |
|---|---|---|---|---|
| १) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः कमला गुरुङ<br>ठेगानाः वाणगंगा १३, कपिलवस्तु (हालः वाणगंगा ७, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०१-७२-०१५५५<br>पति/पिताको नामः दान बहादुर गुरुङ/मान बहादुर गुरुङ<br>बाजे/ससुरा : हम बहादुर गुरुङ | नाम/थरः दान बहादुर गुरुङ्ग<br>ठेगानाः मोतिपुर ३, कपिलवस्तु (हालः वाणगंगाा ७, कपिलवस्तु)<br>नागरिकता नं.: २/०९/७४४६५<br>पति/पिताको नामः हम बहादुर गुरुङ्ग (पिता)<br>नाताः पति | सामूहिक जमानी |
| २) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः रमि कोरी<br>ठेगानाः कपिलवस्तु ३, कपिलवस्तु<br>नागरिकता नं.: ३८-०१-७३-०८६०८<br>पति/पिताको नामः नरेन्द्र कोरी/हरिराम कोरी<br>बाजे/ससुरा : चिरकुट कोरी | नाम/थरः बीरेन्द्र कोरी<br>ठेगानाः कपिलवस्तु १२, कपिलवस्तु<br>नागरिकता नं.: ३८-०१-७३-०१५५६<br>पति/पिताको नामः चिरकुट कोरी (पिता)<br>नाताः देवर | सामूहिक जमानी |
| ३) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः सुकमाया सुनार<br>ठेगानाः सुवर्णखाल ६, अ.ख. (हालः वाणगंगा ५, कपिलवस्तु)<br>नागरिकता नं.: ४०३०३६/१६२<br>पति/पिताको नामः जित ब. सुनार /कर्ण बहादुर सुनार<br>बाजे/ससुरा : पोम बहादुर सुनार | नाम/थरः जित बहादुर सुनार<br>ठेगानाः सुवर्णखाल ६, अर्घाखाँची (हालः वाणगंगाा ६, कपिलवस्तु)<br>नागरिकता नं.: ९३८०<br>पति/पिताको नामः पोम बहादुर सुनार(पिता)<br>नाताः पति | सामूहिक जमानी |
| ४) | बाँसगढी, बर्दिया | ऋणीको नाम/थरः तुलसा कुवँर<br>ठेगानाः मोतिपुर ८, बर्दिया<br>नागरिकता नं.: ६५३०१३/९९९<br>पति/पिताको नामः भिम वहादुर कुवँर/हेमलाल पुन मगर<br>बाजे/ससुरा : लाल बहादुर कुवँर | नाम/थरः भिम बहादुर कुवँर<br>ठेगानाः मोतिपुर ८, बर्दिया<br>नागरिकता नं.: ९६७६<br>पति/पिताको नामः लाल बहादुर कुवँर<br>नाताः पति | सामूहिक जमानी |
| ५) | बाँसगढी, बर्दिया | ऋणीको नाम/थरः सुनिता वि.क.<br>ठेगानाः मोतिपुर ६, बर्दिया<br>नागरिकता नं.: ६५१०१३/१६९४<br>पति/पिताको नामः बिकास वि.क./डाँसे कामी<br>बाजे/ससुरा : कृष्ण बहादुर वि.क. | नाम/थरः देवु वि.क.<br>ठेगानाः मोतिपुर ६, बर्दिया<br>नागरिकता नं.: ६५१०१३/१९७७<br>पति/पिताको नामः देव बहादुर वि.क./ रत्न बहादुर कामी<br>नाताः दिदि | सामूहिक जमानी |
| ६) | खैरी, बर्दिया | ऋणीको नाम/थरः नाजमा मनिहार<br>ठेगानाः गुलरिया ८, बर्दिया<br>नागरिकता नं.: ३६४६०<br>पति/पिताको नामः मुर्तुजा अहमद मनिहार /मोहमद उमर मनिहार<br>बाजे/ससुरा : बाबु मनिहार | नाम/थरः मुर्तुजा अहमद मनिहार<br>ठेगानाः गुलरिया १, बर्दिया (हाल : गुलरिया ७, बर्दिया)<br>नागरिकता नं.: १/६४२५<br>पति/पिताको नामः बाबु मनिहार<br>नाताः पति | सामूहिक जमानी |
| ७) | खैरी, बर्दिया | ऋणीको नाम/थरः प्रिती श्रेष्ठ<br>ठेगानाः गुलरिया ८, बर्दिया<br>नागरिकता नं.: ६५३००१/२१९४<br>पति/पिताको नामः दिपक रामजाली मगर /पप्पु श्रेष्ठ<br>बाजे/ससुरा : धन बहादुर रामजाली मगर | नाम/थरः दिपक रामजाली मगर<br>ठेगानाः गुलरिया ८, बर्दिया<br>नागरिकता नं.: १५०९९<br>पति/पिताको नामः धन बहादुर रामजाली मगर(पिता)<br>नाताः पति | सामूहिक जमानी |
| ८) | डिगिया, बाँके | ऋणीको नाम/थरः कमला वि.क.<br>ठेगानाः पगनाथ ९, दैलेख (हालः बैजनाथ ३, बाँके)<br>नागरिकता नं.: ६३-०१-६९-०००७०<br>पति/पिताको नामः झहर सिं विश्वकर्मा /केशर सिं विश्वकर्मा<br>बाजे/ससुरा : चन्दवीर मिजार | नाम/थरः झहर सिं विश्वकर्मा<br>ठेगानाः पगनाथ ९, दैलेख<br>नागरिकता नं.: १००७१९/१७१५<br>पति/पिताको नामः चन्दविर मिजार<br>नाताः पति | सामूहिक जमानी |
| ९) | डिगिया, बाँके | ऋणीको नाम/थरः ललिता दमाई<br>ठेगानाः बनकटवा १, बाँके (हालः बैजनाथ ५, बाँके)<br>नागरिकता नं.: ६६-०१-७०-००५३२<br>पति/पिताको नामः प्रेम बहादुर दमाई /मान सिंह दमाई<br>बाजे/ससुरा : कालो दमाई | नाम/थरः श्रीमति झुपि दमेनी<br>ठेगानाः अवलचिङ ५, सुर्खेत<br>नागरिकता नं.: ११५४१<br>पति/पिताको नामः मान सिंह दमाई (पति)<br>नाताः आमा | सामूहिक जमानी |
